# विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति

## आर्थिक अनुदान प्राप्त गर्ने अन्तिम सूची प्रकाशनसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०६८।३।२२

विश्व बैंकको सहयोगमा दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गत यस समितिले सञ्चालन गरिरहेको "विद्यार्थी वित्तीय सहयोग कार्यक्रम" मा कक्षा ११ र १२ बाट वित्तीय सहयोगका लागि २०६६ चैत महिनामा दरखास्त आह्वान गरी छनौट प्रक्रियाअनुसार मिति २०६७/१२/५ गतेको गोरखापत्रमा प्रारम्भिक सूची प्रकाशन भई सम्बन्धित विद्यार्थीहरूको गुनासो पुनः मूल्याङ्कनसमेतको आधारमा अनुदान प्राप्त गर्ने विद्यार्थीहरूको अन्तिम सूची प्रकाशन भएको छ। समितिको वेबसाइट **www.sfafdb.edu.np** मा छनौट भएकाहरूको सूची प्राप्त गर्न सकिनेछ। सूचीको पूर्ण विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूमा पठाइएको छ। उक्त विवरण जिल्ला शिक्षा कार्यालयहरूले सम्बन्धित शैक्षिक संस्थाहरूमा पठाई सहयोग गरिदिनुहुन तथा शैक्षिक संस्थाहरूले सम्बन्धित विद्यार्थीहरूलाई जानकारी गराइदिनुहुनसमेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

छनौटमा परेका विद्यार्थीहरूलाई नजिकको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको शाखा कार्यालयमा यो सूचना प्रकाशन भएको ३० दिनभित्र खाता खोल्न सूचित गरिन्छ। राष्ट्रिय वाणिज्य बैंक नभएका जिल्लाहरूमा नेपाल बैंक लिमिटेडमा खाता खोल्न सकिनेछ। खाता खोलेपश्चात् निम्न कागजातहरू यस समितिको कार्यालय, भैंसेपाटीमा अनिवार्यरूपमा पठाउनुपर्ने र सोको जानकारी हाल आफू अध्ययनरत विद्यालय/कलेजलाई पनि दिनुपर्नेछ। (क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। (ख) हाल अध्ययनरत उच्च मा.वि./क्याम्पसमा भर्ना भएको प्रमाण खुल्ने सिफारिस। (ग) विद्यार्थीको कबुलियतनामा (रा.वा. बैंकको शाखा कार्यालयमा र समितिको वेबसाइटमा उपलब्ध छ।

उच्च माध्यमिक विद्यालयको हकमा छनौटमा परेका विद्यार्थीहरूलाई हाल कक्षा १२ मा समेत भर्ना भएको प्रमाण यस समितिमा पठाउन सूचित गरिन्छ।

*उक्त कागजातहरू यस समितिको कार्यालयमा नपुगेसम्म वित्तीय सहयोगका लागि कारबाही गर्न सकिने छैन।*

**थप जानकारीको लागि**

फोन : ०१-५५४५१२४, फ्याक्स नं. ०१-५०१३५५८